विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) बमोजिम

**मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ लाई संशोधन गर्न बनेको विधेयक**

तर्जुमा गर्नुको कारण र त्यसले पार्ने प्रभाव

**१. कुन समस्या सम्बोधनको लागि विधेयक तर्जुमा गर्नु परेको हो सोको विवरणः**

- हाल प्रचलनमा रहेको मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा पक्राउ गरिसकेपछि मात्र अनुसन्धान गर्ने न्यायिक प्रणाली रहेकोमा अब जघन्य वा गम्भीर अपराध र त्यसको उद्योग, षडयन्त्र र मतियार भएकोमा बाहेक अन्य अपराधमा पहिला हाजिर हुन बोलाउने र अनुपस्थित भएमा मात्र पक्राउ पूर्जी जारी गर्ने तथा अन्य मुद्दामा मुद्दाको अवस्था हेरेर पक्राउ नगरी अनुसन्धान गर्ने पद्दति विकास गर्न,
- कुनै फौजदारी कसूरको अनुसन्धानको सिलसिलामा अनुसन्धान अधिकारीले कुनै व्यक्तिको सम्पत्ति रोक्का राखेकोमा दफा ३१ बमोजिम अनुसन्धान प्रतिवेदन पेस भई दफा ३२ बमोजिम अभियोगपत्र दायर भएकोमा त्यस्तो सम्पत्ति थप रोक्का राख्न आवश्यक नभएमा के गर्ने भनी स्पष्ट कानूनी व्यवस्था नरहेको हुँदा अब त्यस्तो सम्पत्ति थप रोक्का राख्न आवश्यक नभएमा सरकारी वकील वा सम्बन्धित व्यक्तिको निवेदन बमोजिम अदालतले रोक्का फुकुवा गर्नु पर्ने व्यवस्था गर्न,
- हाल अग्रिम जमानत सम्बन्धी व्यवस्था नरहेको हुँदा सो सम्बन्धी व्यवस्था गर्न।

**२. विधेयकको व्यवस्थाबाट मौलिक हक तथा मानव अधिकारको क्षेत्रमा पर्ने प्रभावः**

- मुद्दाको कारबाही, सुनुवाई र किनारा सम्बन्धी कार्यविधिगत व्यवस्था सहज र प्रभावकारी हुने।

**३. विधेयकको व्यवस्थाबाट पर्ने आर्थिक तथा वित्तीय प्रभावः**

- हाल प्रचलित मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ बमोजिमका प्रक्रियालाई थप सरलीकृत गर्ने तथा व्यक्तिको मौलिक हक प्रचलनको लागि हाल कायम रहेकै व्यवस्थाबाट संशोधित व्यवस्था कार्यान्वयन गर्न सकिने हुँदा नेपाल सरकारलाई थप आर्थिक भार पर्ने अवस्था नरहेको।

**४. विधेयकको व्यवस्थाबाट दिगो विकासको लक्ष्य हासल गर्न पुग्ने सहयोगः**

- फौजदारी कार्यविधि सम्बन्धी सरलीकृत व्यवस्थाले दिगो विकासका १७ लक्ष्यमध्ये लक्ष्य नं १६ मा उल्लिखित विषय कार्यान्वयन गर्न सहज हुने र दिगो विकासको लागि सबैलाई न्यायमा पहुँच प्रदान गर्न सहयोग पुग्ने।

**५. विधेयकको व्यवस्थाबाट सुशासन प्रवर्द्धनमा पर्ने प्रभावः**

- फौजदारी कार्यविधि सम्बन्धी प्रक्रियागत व्यवस्थामा सहजता कायम हुने,
- मुद्दाको कारबाही, सुनुवाई र किनारा हुँदा अदालती प्रक्रियामा सरलता हुने।

**६. विधेयकको व्यवस्थाबाट जलवायु अनुकूलनमा पुग्ने सहयोगः**

- नभएको।

**७. अन्य आवश्यक विषयः**

- विधेयकमा देहाय बमोजिमका विषय समेत समावेश रहेकोः-
    - कुनै पनि व्यक्तिले जघन्य वा गम्भिर कसूर गरेमा वा त्यस्ता कसूरको उद्योग, दुरुत्साहन वा आपराधिक षडयन्त्र गरेको वा सो कसूरमा मतियार भएकोमा बाहेक अन्य कसूरमा त्यस्ता व्यक्तिलाई पक्राउ गर्नु पूर्व उपस्थितिको सूचना दिनु पर्ने,
    - कुनै व्यक्तिको मृत्यु भएको वा अन्य कुनै किसिमबाट निजको हत्या भएकोमा दफा २० बमोजिम लाश जाँच हुन नसकेको वा नभएको तर निजको शव कुनै ठाउँमा गाडिएको सूचना वा आशङ्का भएमा त्यस्तो ठाउँको उत्खनन् गरी मानव अवशेष वा अन्य प्रमाण सङ्कलन गर्न अनुसन्धान अधिकृतले शवोत्खनन् गर्न सक्ने,
    - शव परीक्षण गर्दा मृत्युको कारण यकिन हुन नसकेमा वा मृतकको मृत्यु विषादी पदार्थ, अल्कोहलजन्य, औषधीजन्य वा अन्य कुनै रासायनिक पदार्थको कारणबाट भएको हुन सक्ने परिस्थितिजन्य सूचना वा शङ्का भएमा आवश्यकता अनुसार मृतकको शरीरबाट उपलब्ध भएसम्म रगत, पिसाब, कुनै अङ्कको तन्तु वा तरल पदार्थको स्वाब वा शरीरको भित्री अङ्ग (भिसेरा) नमूना सङ्कलन गरी परीक्षणको लागि नेपाल सरकारको वा अनुमतिप्राप्त प्रयोगशालामा पठाउनु पर्ने,
    - कुनै कसूरको कसूरदार पत्ता लगाउन अन्य अनुसन्धान विधिबाट सम्भव नभएमा वा त्यस्तो कसूर सम्बन्धी कुनै प्रमाण उपलब्ध हुन सक्छ भन्ने अनुसन्धान अधिकृतलाई लागेमा निजले अनुसन्धानको क्रममा वा कुनै व्यक्तिको पहिचान यकिन गर्नु पर्ने अन्य अवस्थामा पीडित वा आरोपित वा सम्बन्धित व्यक्तिलाई जैविक नमूना दिन अनुरोध गर्नु पर्ने,
    - कुनै कसूरको अनुसन्धानको सिलसिलामा दुरसञ्चार सेवा प्रदायकसँग कुनै सूचना वा विवरण माग गर्न आवश्यक देखिएमा अनुसन्धान गर्ने निकायको कार्यालय प्रमुखले दुरसञ्चार सेवा प्रदायक निकायसँग आवश्यक सूचना माग गर्न सक्ने,
    - कुनै फौजदारी कसूरको अनुसन्धानको सिलसिलामा अनुसन्धान अधिकारीले कुनै व्यक्तिको सम्पत्ति रोक्का राखेकोमा अनुसन्धान प्रतिवेदन पेस भई अभियोगपत्र दायर भएकोमा त्यस्तो सम्पत्ति थप रोक्का राख्न आवश्यक नभएमा सरकारी वकील वा सम्बन्धित व्यक्तिको निवेदन बमोजिम अदालतले रोक्का फुकुवा गर्नु पर्ने,
    - नेपाल सरकार वादी हुने फौजदारी मुद्दाको अनुसन्धान, अभियोजन र न्याय निरुपणको क्रममा वस्तुनिष्टरुपमा बिगो निर्धारण गर्नु पर्ने।